जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## प्रस्तावहरु:

१। अध्यक्षसंग छोरी कल्याण कार्यक्रम सम्वन्धमा ।

२। स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सम्बन्धमा ।

३। वडा नं. ५ को सुत्केरी भवन निर्माण सम्बन्धमा ।

४। आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम पूर्व तयारी तथा बजेट निर्माण तालिका सम्बन्धमा ।

५। स्तरोन्नति कार्यक्रम संशोधन तथा प्रविधि हस्तान्तरण गर्ने सम्बन्धमा ।

६। करार कर्मचारीहरुको तलब भुक्तानी सम्बन्धमा ।

७। जानकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०८१ कार्यान्वियन सम्बन्धमा ।

८। जानकी गाउँपालिकाको राजस्व सुधार योजना निर्माण प्रारुप कार्यान्वयन सम्बन्धमा ।

९। खानेपानी,सरसफाई तथा स्वच्छता योजना(Wash Plan) सम्बन्धमा ।

१०। अध्यक्षकोषबाट स्वीकृत योजना अनुमोदन सम्बन्धमा ।

११। विविध सम्बन्धमा ।

- बहिरा सशक्तीकरण तालिम सम्बन्धमा ।
- उपाध्यक्षसंग सांस्कृतिक जगेर्ना कार्यक्रम पालिका स्तरीय बिरहा प्रतियोगिता सम्बन्धमा ।
- लैङ्गिक अल्पसंख्यकहरुको पहिचान तथा सचेतना तालिम सम्बन्धमा ।
- कानुनी सचेतना कार्यक्रम सम्बन्धमा ।
- निर्वाचित जनप्रतिनिधि तथा न्यायिक समिति र नयाँ मेलमिलापकर्ता सम्बन्धी तालिम लिन ईच्छुक ब्यक्तिहरुलाई ८ दिवसिय मेलमिलाप तालिम सम्बन्धमा ।
- गाउँ शिक्षा योजना निर्माण सम्बन्धमा ।
- गरीब विपन्न घरमा खानेपानीका धारा जडान सम्बन्धमा ।
- कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।
- वाल वाउन्ड्रीको अन्तिम बिल भुक्तानी सम्बन्धमा ।
- लोह पुरुष गणेशमान सिंहको पुस्तक खरिदको भुक्तानी सम्बन्धमा ।
- आर्थिक सहयोग सम्बन्धमा ।
- साबिक इन्द्रपुरमा रहेको तलाउ संरक्षण तथा डी.पि.आर. तयार गर्ने सम्बन्धमा ।
- नेतृत्व तथा क्षमता विकास तालिम सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदामा बृहत छलफल गर्दा कुनै पनि निर्णय हुन सकेन साथै आउँदो कार्यपालिका बैठकमा फेरी छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ को बुँदामा छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार काठमाडौं स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संचालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आह्वानको सूचना (EOI) (प्रथम पटक

सूचना प्रकाशित मितिः २०८१/०१/१७) अनुसार आगामी आ.व. ०८१/८२ को लागि लुम्बिनी प्रदेशका पन्ध्र (१५) वटा स्थानीय तहहरुमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) कार्यान्वयन गरिने मन्त्रालयको लक्ष्य रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन यस जानकी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, मानपुर बाँके इच्छुक रहेको र उल्लेखित **weblink** मार्फत आशयपत्र (**Expression of Interest**) को फारम (**Google Form**) मा माग भए बमोजिमको विवरण र प्रतिबद्धता पत्र तथा कागजातहरु समय सीमा भित्र पेश गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.३ को बुँदामा बृहत छलफल गर्दा यस जानकी गाउँपालिका बाँके अन्तर्गत वडा नं. ५ बेलहरीमा सुत्केरी भवन निर्माणको लागि साविकमा भएको डि.पि.आर. बमोजिमनै सुत्केरी भवन निर्माण कार्य कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४ को बुँदामा बृहत छलफल गर्दा यस जानकी गाउँपालिका बाँकेको आगामी आ.व. २०८१/८२ को लागि नीति तथा कार्यक्रम तयार गर्न सबै विषयगत शाखाका शाखा प्रमुखहरुले आ-आफ्नो विषयगत समितिका संयोजकहरु सँग समन्वय गरी आ-आफ्नो क्षेत्र र विषय सँग सम्बन्धित नीति तथा कार्यक्रम तयार गरी १५(पन्ध्र) दिन भित्र कार्यपालिका बैठकमा पेश गर्ने साथै आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रक्रियाको लागि तपशिल बमोजिमको तालिका कार्यपालिका बैठकबाट कार्यान्वयनको लागि निर्णय गरियो ।

तपशिलः

| क.सं. | क्रियाकलाप |
|---|---|
| १ | स्थानीय राजस्व परामर्श समितिको बैठक |
| २ | नीति तथा कार्यक्रम माथि छलफल |
| ३ | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | १. वडा स्तरीय र विषयगत शाखाबाट कार्यक्रम पेश |
| | २. वडा समिति र विषयगत क्षेत्रको आयोजना प्राथमिकिकरण |
| | ३. वस्ती/टोल स्तरमा योजना छनौट र वडा समितिमा पेश |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ५ | कार्यपालिका बैठकमा बजेट पेश |
| ६ | सभा संचालन |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

<u>नोट :</u> नीति तथा कार्यक्रम,बजेट तर्जुमा प्रक्रियामा सहजीकरण तथा व्यवस्थापनका लागि कर्मचारीहरुको कार्यदल गठन गर्ने साथै उक्त कार्यदलका कर्मचारीहरुलाई अतिरिक्त समयमा खटिए वापत नियमानुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.५ को बुँदामा छलफल गर्दा यस जानकी गाउँपालिका,बाँकेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम विकास समितिको मिति : २०८०/१२/१५ गते बसेको बैठकको तपसिलका निर्णयहरुलाई अनुमोदन गरियो ।

<u>तपसिल :</u>

- वडा नं. ५ र ६ मा स्तरोन्नति कार्यक्रम अन्तर्गत बाख्रा वितरण कार्यक्रम संचालन गर्ने ।
- वडा नं. ३ रमापुर बस्तीका सहभागीहरुलाई बाख्रा पालन व्यवसायीका लागि प्रविधि हस्तान्तरण गर्ने ।

प्रस्ताव नं.६ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको साबिकमा खाईपाई आंएको तलब बैशाख महिनाको लागि उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.७ को बुँदामा छलफल गर्दा यस जानकी गाउँपालिकाको सार्वजनिक खरिद सम्बन्धि काम कारवाहीहरुलाई व्यवस्थित र विधि प्रक्रिया सम्वत रुपमा सम्पन्न गर्न वर्तमान परिस्थिति अनुरुपको संशोधित नियमावली तयार गर्न आवश्यक देखिएकोले नेपालको सार्वजनिक खरिद नियमावली २०६४ को तेहौं सशोधन समेत लाई मध्यनजर गर्दै गाउँपालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ (३) ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली.२०८१ पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.८ को बुँदामा छलफल गर्दा नेपालको संविधानको धारा ६० ले स्थानीय तहहरूलाई आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने अधिकार दिएको छ। तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने भनिएको छ। संविधानको धारा २२८ मा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन वा उठाउन नसकिने व्यवस्था गरी स्थानीय सभाबाट कानून निर्माण गरेर मात्र राजस्व परिचालन गर्न सकिने व्यवस्था गरिएको छ। संविधानको अनुसूची-८ मा सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर भूमिकर(मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत सङ्कलनलाई स्थानीय तहको अधिकार सूचीमा समावेश गरिएको छ। सो सन्दर्भमा जानकी

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँपालिकाको समग्र राजस्व सुधार योजना निर्माण प्रारुप तयार गरिएकोले उक्त प्रारुपलाई पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं.९ को बुँदामा छलफल गर्दा मिति २०८१/०१/२० गते यस जानकी गाउँपालिका, बाँकेको अध्यक्ष श्री छब्बन खाँज्युको अध्यक्षतामा खानेपानी,सरसफाई तथा स्वच्छता योजना(Wash Plan) को बैठकका निर्णयहरुलाई अनुमोदन गरियो ।

<u>तपसिल :</u>

- खानेपानी,सरसफाई तथा स्वच्छता योजना(Wash Plan) कार्यविधि,२०८१ पारित गर्ने ।
- खानेपानी,सरसफाई तथा स्वच्छता योजना(Wash Plan) को शाखा तोक्ने साथै Wash Focal Person अर्को व्यवस्था नभए सम्मका लागि श्री राजेन्द्र प्रसाद बाजपेयीलाई शाखाको जिम्मेवारी दिने र प्राविधिक सहयोगको लागि सूचना प्रविधि अधिकृत श्री विकास जि.सी. लाई तोक्ने निर्णय गरियो ।
- विगतका आ.व. हरुमा खानेपानी,सरसफाई तथा स्वच्छता योजना(Wash Plan) सम्बन्धी भएका सम्पुर्ण कार्यलाई प्रभावकारी एवम गतिशील बनाउनका लागि आर्थिक कार्यभार चालु शिर्षकबाट व्यहोर्ने गरी संकलन भएका डाटा, तथ्यांकहरु सरोकारवालाहरु समक्ष समन्वय गरी सम्वन्धित निकायमा बजेट विनियोजनको लागि पेश गर्ने ।

प्रस्ताव नं.१० को बुँदा मा छलफल गर्दा जानकी गाउँपालिका अध्यक्ष विशेष कोष संचालन कार्यविधि, २०७९ अनुरुप मिति २०८१/०१/२८ गते जानकी गाउँपालिका अध्यक्ष विशेष कोष मार्फत कार्यान्वियन व्यवस्थापन कार्य समितिको बसेको बैठकको तपशिलको योजनाहरु अध्यक्षकोषबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

- जानकी वडा नं. ६ को कैरातीपुरमा पक्कि नालीको ढक्कन निर्माण ।(रु.५१८४४।०४ भ्याट सहित)
- जानकी वडा नं. ५ को बानिया गाउँको समसान घाटमा तारबार तथा गेट निर्माण गर्ने ।(रु.२५१५९४।७२ भ्याट सहित)

प्रस्ताव नं.११ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपसिल :</u>

- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको क्रम संख्या ५४ मा रहेको बहिरा सशक्तीकरण तालिम नेपालगंज, बाँकेको फातिमा फाउण्डेशन – नेपाललाई संचालन गर्न दिने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको क्रम संख्या ४६ मा रहेको उपाध्यक्षसंग सांस्कृतिक जगेर्ना कार्यक्रम पालिका स्तरीय बिरहा प्रतियोगिता **यादव समाज सेवा केन्द्र,नेपालगंज-१,बाँके** लाई संचालन गर्न दिने निर्णय गरियो ।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको क्रम संख्या ५९ मा रहेको लैङ्गिक अल्पसंख्यकहरुको पहिचान तथा सचेतना तालिम **सहयोगी मन बाँके,नेपालगंज-४** लाई संचालन गर्न दिने निर्णय गरियो ।
- मिति : २०८०/१०/०९ गते बिहान ८:३० बजे बसेको न्यायिक समितिको बैठकको तपसिलको निर्णयलाई अनुमोदन गरियो ।

  तपसिल :

  - यस गा.पा.को न्यायिक समितिमा विनियोजित रकमबाट कानुनी सचेतना कार्यक्रम संचालन कार्यक्रम रहेकोमा **कर्णाली गरिबी न्युनिकरण विकास मंच** संस्थालाई संचालन गर्न दिने निर्णय गरियो ।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रममा रहेको "निर्वाचित जनप्रतिनिधि तथा न्यायिक समिति र नयाँ मेलमिलापकर्ता सम्बन्धी तालिम लिन ईच्छुक व्यक्तिहरुलाई ८ दिवसिय मेलमिलाप तालिम" **सूचना र मानव अधिकार अनुसन्धान केन्द्र,नेपालगंज – १०,बाँके** लाई दिने निर्णय गरियो ।
- यस जानकी गाउँपालिका अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखाको कामकाज योजनावद्ध रुपमा गर्नको लागि ५(पाँच) वर्षीय गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय गरियो ।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको बजेट उपशीर्षक : जानकी गाउँपालिकाको क्रम संख्या १० मा रहेको गरीब विपन्न घरमा खानेपानीका धारा जडान शीर्षकको लागि विनियोजित रकम रु.१०,००,०००/-(अक्षरेपी दश लाख मात्र) नियमानुसार कोटेशनबाट प्रक्रिया अगाडि बढाई खरीद गर्ने निर्णय गरियो ।
- यस जानकी गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका सबै वडाहरुका मासिक पारिश्रमिक भुक्तानी नभएका कर्मचारीहरुको हकमा मासिक तलब वडाहरुको सिफारिस तथा हाजिरी प्रमाणितको आधारमा ज्यालादारीमा पारिश्रमिक दिने निर्णय गरियो ।
- श्री जन सहयोग आधारभूत विद्यालय,गिजरालाई गत आ.व. ०७९/०८० मा वाल बाउन्ड्री निर्माण कार्य सम्पन्न भइ सकेको तर थोरै रकम भुक्तानी दिन बाकि रहेकोमा अन्तिम विल भुक्तानी गर्न वाकि रहेको रकम मर्मत सम्भार शिर्षकबाट दिने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- लोह पुरुष गणेशमान सिंहको पुस्तक १०० थान खरिद गरिएको हुँदा, रु.२५,०००/-(अक्षरेपी पच्चीस हजार) छपाई तथा प्रकाशन शिर्षकबाट गणेशमान सिंह फाउन्डेसनलाई भुक्तानी दिने निर्णय गरियो ।
- जानकी गाउँपालिका अन्तर्गत तपसिलका व्यक्ति तथा संस्था,समितिलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

  तपसिलः

  - जानकी गाउँपालिका अन्तर्गत वडा नं. ६ को कपासी गाउँमा लाग्ने उर्से मुबारक हजरत सययद शाह बाबा रहमकतुल्लाह ताला अलै मा वर्षौ देखि लाग्ने मेला कार्यक्रम संचालन गर्न मजार मेला उपभोक्ता समितिलाई रु.३०,०००/-(अक्षरेपी तिस हजार मात्र) सांस्कृतिक जगेर्ना शिर्षकबाट आर्थिक सहयोग दिने निर्णय गरियो ।
  - वडा नं. २ बकोटिया बस्ने बलराम कहार अशक्त बिमारी रहेको हुँदा उक्त व्यक्तिलाई रु.१०,०००/-(अक्षरेपी दश हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।
- साबिक इन्द्रपुर ९ (ग) कित्ता नं. ९२ नेपालगंज खजुरा सडकको उत्तर तथा रमेश गोयल मिलको पश्चिममा रहेको तलाउलाई संरक्षण गर्ने साथै पालिका स्तर बाट डी.पी.आर तयार गरी पर्यटन प्रवर्द्धन व्यवस्थापनको लागि प्रदेश सरकार तथा सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।
- नेतृत्व तथा क्षमता विकास सम्बन्धी तालिम बाल कल्याण तथा सामुदायिक विकास संघ, बाँकेलाई दिने निर्णय गरियो ।

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३